भागेश्वर गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बगरकोट, डडेल्धुरा

## मिनिटिलर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :- २०८०।१०।१७

यस कार्यालयबाट आ.ब. २०८०।०८१ मा स्वीकृत मिनिटिलर खरिद तथा वितरण (५० प्रतिशत) अनुदान कार्यान्वयनको लागि कृषि यान्त्रिकरण (मिनिटिलर) सिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक मिनिटिलर खरिद विक्री सम्बन्धी इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, व्यवसायी तथा संस्थाहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र फाराम खरिद गरि सिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :-**

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र दरभाउपत्र फाराम शुल्क रु. १०००।— नगदी रसिद वा यस कार्यालयको सानिमा बैंक भागेश्वर शाखा बगरकोट, डडेल्धुरामा रहेको आन्तरिक राजश्व खाता BHAGESHWOR GA. PA. GA-1.1 ANTARIK RAJASHWO KHATA ac no - 070010040000002 मा रु. १०००।- (अक्षरेपी एक हजार रुपैया मात्र फिर्ता नहुने गरि) तिरी आ.ब. २०८०।०८१ का लागि नविकरण गरिएको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०७९।०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहितको निवेदन पेश गरेपछि दरभाउपत्र उपलब्ध गराइनेछ ।

२. दरभाउपत्र फाराम पत्रसाथ कबोल गरेको रकम तल उल्लेख भए बमोजिम नघटाई दरभाउपत्र जमानत वापतको जमानत रकम नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट ७५ दिनको मान्य अवधि हुने गरि जारि गरिएको बैंक जमानत (Bid Bond) पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र राखेको खाममा लाहाछाप लगाई खामको बाहिरपट्टी "भागेश्वर गाउँकार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा" को नाम सम्बोधन गरि भागेश्वर गाउँकार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुराका लागि मिनिटिलर आपुर्ति गर्ने सम्बन्धी कार्य गर्ने बारेको दरभाउपत्र फाराम भनि उल्लेख गर्नुपर्नेछ ।

४. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने स्थान : भागेश्वर गाउँकार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा

५. दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र

६. दरभाउपत्र खोलिने मिति : सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २:०० बजे यस कार्यालयका प्रतिनिधि र दरभाउपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. दरभाउपत्र विक्री गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनलाई मानिनेछ ।

८. एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९. एक व्यक्ति वा फर्मलाई एकभन्दा बढी दरभाउपत्र खरिद गरि समावेश गर्न दिइने छैन ।

१०. दरभाउपत्र दर्ता गर्दा प्रोपराइटर वा निजको आधिकारिक प्रतिनिधिले सहीछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।

११. दरभाउपत्रसाथ आपुर्ति गरिने सामाग्रीहरुको उत्पादक कम्पनीले तयार गरेको स्पेसिफिकेशन सहितको क्याटलग समेत (संभव भए) पेश गर्नुपर्नेछ ।

१२. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ टिपेक्स लगाएको वा केरमेट गरिएको दरभाउपत्र मान्य हुने छैन ।

१३. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब. २०८०।०८१ को लागि भएकोले आषाढ मसान्तसम्म हुने कुनै प्रकारको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन । दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत (मनासिव कारण भएमा) गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

१४. खरिद गरिने सम्पूर्ण मिनिटिलर यस कार्यालय रहेको स्थानसम्म आपुर्तिकर्ताले नै ढुवानी, लोड तथा अनलोड गर्नुपर्नेछ । यस बापत छुट्टै भाडा भुक्तानी हुनेछैन ।

१५. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन, नियम र कानुन बमोजिम हुनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | परिमाण | बैंक जमानत | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | BRM/DAD/NCB/Goods/ /080/081/01 | मिनिटिलर खरिद कार्य | BoQ मा उल्लेख भए बमोजिम | रु. ३३,००० /- | रु. १०००/- |

प्रमुख प्रशासकीय अधिकृत

**Bhageshwor Rural Municipality**

# Office of the Rural Municipal Executive

**Bagarkot, Dadeldhura**

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## Technical Specification of Mini tiller

| S.No. | Criteria | Requirement |
|---|---|---|
| 1 | Engine | Single Cylinder 4- Stroke, Diesel engine, air- cooled, Maximum rated Power output not less than 7 HP or 4.2 KW at governed RPM |

**For more details** : contact Bhageshwor Rural Municipality Bagarkot, Dadeldhura

प्रमुख प्रशासकीय अधिकृत